सारा संसारभर संचार गर्नको निम्ति इन्टरनेटको प्रयोग गर्न सकिन्छ, र साथै यो जानकारीको खोजी गर्ने उत्कृष्ट तरिका पनि हो । यस सत्रमा, तपाईंले गुगल नक्सामा संसारको खोजी गर्नुहुनेछ र जानकारी प्राप्त गर्नको निम्ति गुगलको खोजी तरिका (इन्जिन) को प्रयोग गर्नुहुनेछ ।

१. तपाईंलाई इन्टरनेटको विषयमा के थाहा छ ?
आफ्नो विचारलाई समूहसँग बाँड्नुहोस् ।

> तपाईंले सोध्न सक्नुहुन्छ:
> के तपाईंले पहिला इन्टरनेटको प्रयोग गर्नुभएको छ ? त्यसलाई केको लागि प्रयोग गर्न सकिन्छ ?

२. इन्टरनेट खोल्नुहोस् र फराकिलो बक्सामा www.google.com/maps टाइप गर्नुहोस् । 'इन्टर' बटन थिच्नुहोस् ।




यसले तपाईंलाई गुगल नक्सामा लैजानेछ ।
खोजी बक्सामा 'नेपाल' टाइप गर्नुहोस् र प्रवर्धक काँच (म्याग्निफाइङ्ग ग्लास) को चिन्हमा क्लिक गर्नुहोस् ।






तपाईंले + बटनको प्रयोग गरी दृश्यलाई ठुलो पार्न सक्नुहुन्छ ।
के तपाईंले आफ्नो विद्यालय फेला पार्न सक्नुहुन्छ ?

३. तपाईंले अरू देशहरूको खोजी गर्न गुगल नक्साको प्रयोग गर्न सक्नुहुन्छ । अगिल्लो क्रियाकलापलाई दोहोऱ्याउनुहोस्, तर यस पटक तल उल्लिखित ठाउँहरूको खोजी गर्नुहोस्:

- ताज महल, भारत
- बर्किंगघम दरबार, बेलायत
- क्राइस्ट द रिडिमर, ब्राजिल
- ग्रेट वाल अफ चाइना, चिन
- इस्ट्याच्यु अफ लिवर्टी, संयुक्त राज्य अमेरिका
- आइफेल टावर, फ्रान्स
- ग्रेट पिरामिड ओफ गिजा, इजिप्ट
- सिड्नी ओपेरा हाउस, अस्ट्रेलिय

४. क्रियाकलाप ३ मा भएको सुचीबाट कुनै एउटा देशलाई छान्नुहोस् ।
गुगलको खोजी इन्जिनमा मुख्य शब्दहरूलाई टाइप गरी तपाईंले जानकारीको खोजी गर्न सक्नुहुन्छ ।
इन्टरनेटको प्रयोग गरी यी कुराहरू पत्ता लगाउनुहोस्:

- जनसंख्या
- राजधानी सहर
- झन्डा
- परिचित ठाउँहरू





Published by Elektra Media Ltd
Istambha Nepal